# केही अध्यादेशलाई खारेज गरी ऐनको साविकको व्यवस्थालाई जगाउन बनेको अध्यादेश

प्रस्तावनाः केही अध्यादेशलाई खारेज गरी त्यस्ता अध्यादेशबाट संशोधन भएका केही नेपाल ऐनका व्यवस्थालाई जगाई साविककै व्यवस्था कायम गर्न आवश्यक भएको र हाल सङ्घीय संसदको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस अध्यादेशको नाम "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउने अध्यादेश, २०७७" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. खारेजीः देहायका अध्यादेश खारेज गरिएका छन्ः-

(क) संवैधानिक परिषद् (काम, कर्तब्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७७,

(ख) राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७७।

३. संशोधन भएको व्यवस्था जागेको मानिनेः दफा २ बमोजिम खारेज भएका देहायका अध्यादेशले देहायका ऐनमा गरेको संशोधनका सम्बन्धमा त्यसरी संशोधन हुनुभन्दा तत्काल अघि कायम रहेको व्यवस्था स्वतः जागेको मानिनेछः-

(क) संवैधानिक परिषद् (काम, कर्तब्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ मा "संवैधानिक परिषद् (काम, कर्तब्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७७" बाट भएको संशोधन,

(ख) राजनीतिक दल सम्बन्धी ऐन, २०७३ मा "राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७७" बाट भएको संशोधन।